# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## ( छब्बिसौं बैठक )

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६।०३।१८, विहान ११.०० बजे

प्रदेश सभा गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा ११ बजेर २२ मिनेटमा प्रारम्भ भयो ।

## माननीय सभामुखज्यू,

माननीय सदस्यहरु आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७६ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु सर्वप्रथम म माननीय उधोग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल असार १७ गते विनियोजन विधयक २०७६ को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्वन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय मन्त्री श्री विकास लम्सालज्यू

माननीय सभामुख महोदय, चालु आ.व.को कार्यक्रम तथा आगामी वर्षका बजेटको सम्वन्धमा हाम्रो मन्त्रालयसँग संवन्धित उठेका सवाल र सुझावहरु को बारेमा प्रष्ट पार्न चाहान्छु । सर्वप्रथम म यो अहिलेको चालु आ.व.को संर्दभमा कुरा गर्दा विगतको हाम्रो वर्षको कार्यक्रमको वारेमा समिक्षाको सन्र्दभमा केहि कुराहरु राख्दा अलि धेरै प्रष्ट होला भन्ने मैले ठानेको छु । हाम्रो विगत ७५।७६ को बजेटमा हाम्रो बजेट विनियोजन हुँदाखेरी हाम्रो मन्त्रालयसँग सम्वन्धित भएर सबै कुराहरु उद्योग, पर्यटन, वन, वातावरण मन्त्रालयसँग एउटा मात्र हाम्रो कार्यालय थियो । सबै कुरा मन्त्रालयमै विनियोजन गरिएको

थियो तर अहिले हाम्रो मन्त्रालय अन्तर्गत ३० वटा कार्यालयहरु खुलेका छन् । विभिन्न जिल्लामा निर्देशनालय हाम्रो अनुसन्धान केन्द्र, यसरी अहिले हाम्रो यो वर्ष ३० वटा कार्यालयमा हाम्रो मन्त्रालयका कामहरु बाँडफाड भएका छन् । त्यसरी अहिले धेरै माननीय सदस्यहरुले हाम्रो मन्त्रालयसँग संवन्धित रहेर धेरै कुराहरु उठाउनु भएको छ । मलाई हिजो धेरै कुराहरु पनि उठे । म हिजो संविधान सभाको सदस्य हुदाखेरी मैले पनि धेरै माननीय सदस्यहरुले जस्तै तलबाट धेरै कुराहरु यो के भा को होला भन्ने लाग्थ्यो । र मन्त्रीहरुले जवाफ दिदाखेरी यो चाहि अलिकिति लिखित जवाफ मात्र आउने माननीय सदस्यहरुलाई चित्त नबुझ्ने र मैले आज अलिकिति यहाँहरु सँग धेरै कुराहरु हामी प्रष्ट परेर जाने कुराहरु राख्ने कोशिस गर्नेछु । माननीय सदस्यहरुले अत्यन्त सार्न्दभिक र धेरै कुराहरु प्रष्ट हुन चाहानु भको छ । माननीय सदस्यहरु आफ्नो निर्वाचन क्षेत्रको आफनो जिल्लाको आफुले जानेसम्मका ठाउँको विकाससँग जोडिन चाहानु भएको छ । विगतमा छुटेका केहि योजनाहरु पनि यो वर्ष हेर्दाखेरी माग गरेर राख्छु भनेर लेटरप्याडमा ल हुन्छ भनेर आश्वासन दिएका योजनाहरु पनि नजोडिदाखेरी माननीय सदस्यहरुलाई पनि चित्त दुखेको छ । किन यस्तो हुन गयो ? हिजो एकजना माननीय सदस्यहले असाध्य सार्न्दभिक कुरा उठाउनु भाको थियो । हेर्‍यो हामी ६० जना माननीय सदस्य हरुमा कसैको पनि चित्त बझ्केको छैन । यो किन चाहि फेरि हेर्दे गयो, कहाँ गयो त बजेट ? के मन्त्री कै जिल्लामा गयो ? मन्त्रीकोमा पनि देखिदैन, के भयो त भनेर हेर्दाखेरी हिजो माननीय सदस्यहरुले अत्यन्त सांर्दभिक कुराहरु उठाउनु भाछ । यी धेरै कुराहरुमा मैले प्रष्ट पार्ने कोशिस गर्नेछु । वनसँग उठेका विषयहरु अहिलेसम्म हाम्रो मन्त्रालयसँग विभिन्न मितिमा २०७६।४।३ मा २०७६।४।४ मा र हिजो गरेर चाहि विभिन्न मितिमा माननीय सदस्यहरुले हाम्रो मन्त्रालयसँग विषयमा मैले बुँदागत रुपमा ती सबै प्रश्नहरुलाई मैले टिपेको छु । फलफुलको विरुवा वितरण कार्यक्रम कहाँ कति प्रजातीको प्रष्ट भए हुन्थ्यो पचभैयामा वन्यजन्तुमा दूइटा शीर्षकमा पैसा छ त्यो अलि एउटै कार्यक्रममा किन डुब्लीकेशन देखियो भन्ने कुरा छ । साझेदारी वन व्यवस्थालाई ५० लाख ठुलो रकम भयो कि यो के का लागि भन्ने कोइशन उठेको छ । योजना धेरै पटक दोहोरिएर आका छन, साना साना टुक्रामा विनियोजन यो किन यस्तो भको हो भन्ने कुरा उठेको छ । मुस्ताङ जिल्लामा वन कार्यालय को भवन निर्माण कार्यमा कस्को कार्य क्षेत्र भन्ने

कुरा उठेको छ । सामुदायिक वनको संस्थागत अभ्यास पटक पटक दोहोराएर आएको किन भन्ने कुरा उठेको छ । वन डडेलो बजेट अलि प्रष्ट भएन भन्ने कुरा उठेको छ ।

वनको नीति नियम समय सापेक्ष भएनन सदुपयोग मुखि हुनुपर्‍यो भन्ने कुरा माननीय सदस्यहरुबाट उठेको छ । प्रति घर परिवार सदस्य संख्या अनुरुप वृक्षारोपण गर्ने कार्यक्रम सुन्दा अति राम्रो लाग्यो उपलब्धि हासिल गर्न र मूल्यांकन कसरी हुन्छ यो प्रचारमुखि कार्यक्रम मात्र हो कि सहि रिजल्ट आउछ भन्ने कुरा उठेको छ । र पर्यटनमा पनि माननीय सदस्यहरुबाट धेरै कुराहरु उठेको छ । यसरी मैले यी प्रश्नहरु म दोहोराउन चाहान्न, यिनै विषयहरु भित्र रहेर मैले माननीय सदस्यहरुलाई केरे धेरै कुरा प्रष्ट पार्ने कोसिस गर्नेछु । अहिले हाम्रो गतसालको बजेट २४ अर्वको थियो । अहिले ३२ अर्व १३ करोड भको छ । र अहिले यसमा गतसाल हाम्रो मन्त्रालयमा संघीय मन्त्रालयबाट आएको सशर्त र हाम्रो प्रदेश सरकारबाट छुट्टीएकोमा २ अर्व २३ करोड बजेट थियो । अहिले हाम्रो मन्त्रालयमा २ अर्व ३ करोड बजेट छ । त्यो कुरा हाम्रो अर्थमन्त्रीज्यूले प्रस्तुत गर्दाखेरी पनि ३ परसेन्टले माइनस भको भन्ने के के कारणले उहाँले भनि पनि सक्नुभाछ म यस्मा पनि चाहि प्रष्ट पार्न चाहान्छु । हाम्रो मन्त्रालयमा अहिले धेरै कुराहरु दुइटा शीर्षक यो वर्षको माननीय सदस्यहरुले ७५।७६ को आर्थिक वर्षको यो सवै कुरा हेर्नु भयो भने हाम्रो मन्त्रालयमा दुइटा शीर्षकमा मात्र पैसा खर्च भएन । एउट नत्र हाम्रो भौतिक प्रगति हाम्रो १०० परसेन्ट भाको छ, हामीले सप्पै कुरामा कोशिस गरेका छौ तर आर्थिक प्रगति आजका दिनसम्ममा हाम्रो ५२ परसेन्ट भन्दा माथि गाकोछ । तर अव यो २५ गतेसम्म भुक्तानी लिदाखेरी मलाई लाग्छ ८० परसेन्ट भन्दा माथि जान्छ । यो उधोग,पर्यटन, वन वातावरण मन्त्रालयको शीर्षकमा तपाईहरुले हेर्नु भयो भने एउटा हाम्रो लगानी संमेलनको लागि एक करोड रुपैया र लगानी संमेलनका लागि आयोजनाहरु प्रोजेकटहरु बनाउने बैकएवल प्रोजेकटहरु बनाउने भनेर ८ करोड रुपैया र १२ करोड रुपैया उधोग ग्राम हरु स्थापना गर्ने, औधोगिक क्षेत्र स्थापना गर्ने भन्ने दुइटा शीर्ष बाहेक अरु सबै कुरामा हाम्ले काम अगाडि बढाएका छौ । अब त्यस्को कति प्रगति आउछ त्यो माननीय सदस्यहरुले पछि हेर्नु नै हुनेछ । धेरै नीतिनियममा पनि हाम्रले धेरै वरपिपल चौतारीको ऐन पास गर्‍यौ । हाम्ले ताल प्राधिकरण विधयक हाम्ले पास गर्‍यौ । अरु पनि धेरै प्रक्रियामा गाका छन । कार्यविधिहरु पनि हामी धेरै बनाएर अगाडि बढेका छौ । यी कुराहरु त तपाईहरुले हेर्नु भयो भने देखिने नै छ । यो चाहि हाम्ले यसको लास्टमा पनि यसको प्रगति प्रतिवेदन हामी सार्वजनिक गर्नेछौ मन्त्रालयको तर्फबाट । र अहिले हाम्रो मन्त्रालयले धेरै कुराहरुमा हामीले यी कुराहरु को बारेमा समीक्षा पनि गरेका छौ । त्यहाँ काम गर्ने प्रक्रियामा पनि कार्यविधि बनाएर पारदर्शी गरेर सकेसम्म सवै जिल्लालाई समेटौं सकेसम्म एउटै निर्वाचन क्षेत्रमा योजनाहरु पुगुन र हाम्रो विशेषगरी दुईटा रकम मात्र हाम्रो मन्त्रालय एउटा

होमस्टेको ३० करोड रुपैया एउटा डीपीआर बनेका आयोजनाहरु लाई उधोग र पर्यटन क्षेत्रमा पूर्वाधार निर्माण गर्ने तर डीपीआर बनेका योजना छनौट गर्ने कुरा र एउटा पैदलमार्ग निर्माण गर्ने ६ करोड को कुरा । ती हाम्रो मन्त्रालयमा एकमुष्ठ रकमको रुपमा रको थियो । पछि हाम्ले तेलाई भुसंरक्षँण कार्यालय मार्फत, वन कार्यालय मार्फत हाम्ले तेलाई कार्यान्वयनमा लका छौ । तिनको बारेमा पनि धेरै कुराहरु माननीय सदस्यहरुबाट उठेका छन । मैले तेलाइ प्रष्ट पार्ने कोशिस गर्नेछु । र अहिले यो बीचमा हाम्रो मन्त्रालयको प्रगति भन्नुहुन्छ भने हाम्रो प्रदेश सरकार गठन हुँदाखेरी गण्डकी प्रदेशमा हाम्रो उधोग, पर्यटन वन वातावरण मन्त्रालय एउटा मात्र मन्त्रालय थियो । त्यसका कुनै संरचना तल थिएनन् । त्यो बेलामा हाम्रो २ अर्व २३ करोड रुपैया सिधै हाम्रो मन्त्रालयमा आयो । हाम्रो त्यसरी त्यसको बाँडफाड भको थिएन । त्यो पैसा मन्त्रालयले नै कार्यान्वयन गर्ने कुरामा खर्च गर्‍यौ । अहिले हाम्रो निर्देशनालयले दुइटा खुले । वन निर्देशनालय एउटा, उपभोक्ता हकहित संरक्षण निर्देशनालय एउटा यो चाँहि केरे यहि हाम्रो वगरमा खोलेको छ वन निर्देशनालय, र हाम्रो उता मन्त्रालयको नजिकै उपभोक्ता हकहित संरक्षण निर्देशनालय पुरानो घरेलुको कार्यालयमा त्यो खुलेको छ । एउटा औधोगिक व्यवसाय प्रतिष्ठान त्यहाँ खुलेको छ । र ११ जिल्लामा डिभिजन वन कार्यालयहरु खुलेका छन । ९ वटा घरेलु विकास समितिका कार्यालयहरु खुलेका छन । दुइटा कास्की र नवलपुरमा घरेलु तथा साना उधोग कार्यालयहरु खुलेका छन । तनहुँ र पर्वतमा भुसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय खुलेको छ । वन अनुसन्धान तथा प्रशिक्षण कार्यालय वगरमा छ । पर्यटन कार्यालय यसवर्ष खोल्ने भनेर बजेटको विनियोजन भैसकेको छ । यसरी ३० वटा कार्यालय हाम्रो मन्त्रालय अन्तर्गत खुलेका छन । हाम्ले अहिले यो बजेटलाई हेर्दाखेरी हिजो बजेटमा केही त्यो दुइटा रकमहरु युवा चुनौती कोषलाई अहिले हामीले अर्थमन्त्रालय अन्तर्गत राख्ने कुरा भयो । हाम्ले लगानी सम्मेलनको लागि प्राधिकरण नै बनाउने भनेर मुख्यमन्त्री कार्यालयतिरै राख्ने कुरा भा हुनाले दुइटा शीर्षक हाम्रो मन्त्रालयबाट घट्दाखेरी त्यो अलिकिति पैसा हाम्रोमा घटे जस्तो छ नत्र त्यहि पैसा अहिले सबै कार्यालयबाट प्रस्ताव भएका योजनाहरुमा आको छ । एउटा चाहि माननीय सदस्यहरुले हाम्रो बजेटलाई एनलाइसिस गरिदिदाखेरी तपाईले भौतिक मन्त्रालयमा ९५ परसेन्ट पुजीगततिर खर्च छ । ५ परसेन्ट मात्र सामान्यमा खर्च छ । हाम्रो मन्त्रालय मात्र एउटा यस्तो मन्त्रालय हो, त्यसमा चाहि ६० परसेन्ट चालुतिर छ । ३६ प्रतिशत पैसा मात्र पूजीगत तर्फ खर्च भको छ । अहिले प्रस्तावित भको छ । त्यसकारण यस्मा यो बजेटहरु कम देखिनु एउटा स्वाभाविक पनि छ । किनभने हाम्रो सबै काम

प्रकृति कस्तो छ भने हामीले धेरै नीति बनाइदिने नियम बनाइदिने, वातावरण बनाइदिने र नीजि क्षेत्रले आर लगानी गर्ने क्षेत्र धेरै हुन्छन । उधोगतिर पनि यहाँ माननीय सदस्यले कुरो उठाउनु भो । ६ करोड राखेर कस्तो उधोग खोल्ने हो ? एउटा घर बनाउँदा २ करोडमा बन्दैन । उहाँले भनेको कुरा झ्यापरुपमा आएर हेर्दाखेरी ठिकै होला, तर सारमा हेर्दाखेरी हामीले विगतमा १२ करोड रुपैया उधोग खोल्न भनेर राख्यौ हामीले खर्च गर्न सकेनौ । हामीले दुइटा केरे कन्सल्टेन्टहरुलाई छानेर हामीले उधोगको केरे डीपीआर बनाउने उधोग प्रीभीजिटी अध्ययन गर्ने भनेर छान्यौ । हामीले ८५ वटै स्थानिय तहमा अध्ययन गर्न पठायौ । ५२ वटाको रिपोर्ट आइसक्यो । २१ वटा हाम्ले मन्त्रालयबाट निर्णय गरेर संघीय मन्त्रालयमा पठायौ । हाम्रो सघीय कानुनले जग्गा दिने अधिकार संघलाई छ । संघले उधोग घोषणा गरिसकेपछि मात्र हाम्ले त्यसमा चाहि बल्ल पूर्वाधार निर्माण गर्न सक्छौ । स्थानिय तहसँग समन्वय गरेर गर्न सक्छौ । हाम्ले पोहोरको १२ करोड रुपैया कहि एक ठाउँमा खर्च गरौन त । भोली स्थानिय तहले सिफारिस गरिसक्या छ । संघमा हाम्ले पठाइसक्याछौ । घोषणा गरेपछि त्यहि ठाउँमा उधोग बन्ने हो त्यसैको हाम्ले गेट बनाउ भन्दाखेरी हाम्रो मन्त्रालयको कर्मचारी साथीहरु के भन्नु हुन्छ भने उद्योग क्षेत्र घोषणा गर्दिए त होला, नभयो भने त त्यो भोली चाहि केरे गर्दिएन भने त्यो पैसा त बेरुजु आउछ भनेर हामी अगाडि जान चाहान्छौ । तर त्यसको प्रकिया पूरा गरेर जाँदाखेरी हामीसँग आफ्नै मन्त्रालयमा रको विभिन्न खर्च गर्न पाउनी १२ करोड रुपैया पनि आज पनि घोषणा नगरिदिएको कारणले हामीले संघीय मन्त्रालयलाई रिकुष्ट गर्यौ । संघीय उद्योग मन्त्रीज्यूलाई गर्यौ । संघीय उद्योग मन्त्रीज्यूले मैले क्याविनेट फाइल पुरयाइसकेको छु क्याविनेटले केरे प्रधानमन्त्री कार्यालयले भुमिसुधार मन्त्रालयलाई त्यो जग्गा कस्तो हो, सार्वजनिक हो कि, वनको हो कि, त्यो उद्योग राख्न हुने जग्गा हो कि होइन, भनेर उता सोधेको छ । भूमिसुधार मन्त्रालयले पत्र नदिएसम्म घोषणा गर्न मिलेन भनेर माथिबाट रोकिएको छ । मलाई लाग्छ यो वर्ष हामीले त्यो उद्योग स्थापना गर्ने कुरामा जस्तै यहि हामीले भोटेपोखरी साविकको भोटपोखरी अहिलेको निर्मलपोखरीमा हामीले ३३ सय रोपनीमा उद्योग ग्राम वनाउनको लागि त्यो पनि हामीले सिफारिस गरेका छौ । त्यो माथिबाट घोषणा गर्दिदा बित्तिकै त्यो काम अगाडि बढ्छ र हामीले उद्योग मन्त्रालयले उद्योग खोल्नका लागि सबै कुरा गर्ने होइन, हामीले त्यसको एउटा पूर्वाधार निर्माण गर्दिने हो । बाटो बनाउन पर्यो उधोग खोल्ने ठाउँमा भने भौतिक मन्त्रालयले बाटो बनाउछ । विजुली लान पर्यो भने हामीले विधुतसँग समन्वय गरेर त्यहाँ लान्छौ । हामीले त त्यहा चाहि खालि एउटा त्यसको केरे ब्युटीफिकेशन गर्दिने, त्यसको

कम्पाउण्ड गर्दिने र एउटा प्रकृया बनायो भने नीजि क्षेत्र उधोग खोल्न जान्छ र थोरै पैसाले पनि हामीले धेरै उधोग खोल्न सक्ने संभावना छ । बाहिरबाट हेर्दाखेरी यति पैसाले के उधोग होला, के बन्ला भन्ने चाहि हुन सक्छ । तर रियलिटीमा हो भने अब हामी यो वर्ष कम से कम केहि न केहि हामी ८५ वटै ठाउँमा पनि कतिपय स्थानिय तहले दिन सक्नु भएन भने त्यहा नहोला नत्र हामी सबै ठाउँमा अहिले ६ करोड रुपैया राखेका छौ । आवश्यकता अनुसार माग हुदै गयो र माथिबाट घोषणा बढ्दै गयो त्यसमा पनि के छ भने संघले पनि पैसा हाल्छ, स्थानिय तहले पनि पैसा हाल्छ, हामीले पनि पैसा हाल्छौ र उधोग ग्रामहरु सबै हामी बनाउदै जानेछौ । उधोग क्षेत्रमा पनि असाध्यै धेरै राम्रो हामीले उधोग ग्राम बनाउने नीति ल्यायौ, हामीले उधोगलाई कसरी अहिलेको उधोग ऐन तपाईहरुले पास गरिसक्नुभाछ । धेरै कुराहरु हाम्रो मन्त्रालयले गर्ने यस्ता कामहरु धेरै छन । त्यसो गर्दाखेरी ठ्याक्कै एक ठाउँमा उधोग खोल्ने भन्या भा देखिन्थ्यो, यी सबै कामहरु गर्दाखेरी बजेटमा कहि नदेखिदाखेरी हामी अल्मलिए जस्तो भाको म माननीय सदस्यहरुलाई प्रष्ट पार्न चाहान्छु । मैले अघि नै भनिसके, हामीले जानेर पनि हामीले विगतमा एकमुष्ठ रकम आयो । अहिले जस्तै हामीले मैले हाम्रो मन्त्रीपरिषदमा पनि छलफल भयो । विगतमा हामीले डिपीआर बनाएका योजनाहरु पनि २० २० लाख हामीले ४० लाख रुपैया हामीले ७ करोड रुपैया हाम्रो मन्त्रालयमा पैसा थियो । हामीले १०० वटा डिपीआर बनेका प्रोजेकटहरु हाम्रो विभिन्न स्थानिय तहबाट विभिन्न माननीय सदस्यहरुले मन्त्रालयमा ल्याउनुभो । हामीले भौतिक मन्त्रालयबाट ल्याएर ती डीपीआरहरु हेर्न लगायौ । प्राविधिकहरुलाई । उहाँहरुले त्यस्को सबै कस्ट एनालाइसिस त्यसको काम सबै हेर्दाखेरी जम्मा हाम्रो १६ वटा डीपीआर मात्र हाम्रो त्यहाँबाट भौतिक मन्त्रालयको ईन्जिनियर प्राविधिक छनौट गर्नुभो । हाम्ले यो पैसा प्रगति हुन्छ पठाइहालौ न त हाम्ले भोली आर्थिक दायित्व व्यहोर्न सक्दैनम् भोली यसको फेरि साडे ३ करोड को छ, अहिले ४० लाख लर भोली चाहिन्छ भने नगर्ने भन्ने शर्ते लेखेर कम से कम त्यो डीपीआर बनेको ठाउँमा काम त बनिहालोस्, कम से कम त्हाँ प्रदेशको उपस्थिति देखियोस् भनेर त्यो पनि कुनैपनि जिलला नछुटोस् भनेर हामीले जिल्लालाई पनि प्रतिनिधित्व गराउने हिसावले गर्‍यो । कतिपय जिल्लाबाट त्यस्तो डीपीआर छनौट नै भएर आएन । त्यो १०० वटा आएको डीपीआरमा पनि हाम्ले केहि प्रयास पनि गर्‍यौ तलबाट भन्यौ, माननीयहरु सदस्यहरुलाई पनि माग्यौ । तर प्राविधिकले तेलाई छनौट नगरेसम्म कसैलाई पनि त्यसमा पक्षपात गरेनौ । त्यहाँ हाम्ले मन्त्रालयमा एउटा कमिटी बनाइदेयाथ्यौ प्राविधिक भौतिक मन्त्रालयबाट आउनुभो, वसेर हेर्नुभो, अहिले त्यो काम

जहाँ गाको छ त्यसको असाध्यै राम्रो प्रगति भाको छ । हामीसँग ६ करोड पैदलमार्ग बनाउने पैसा थियो । हामीले ४८ वटा पैदलमार्गमा पैसा छुट्यायौ । हामीले कसैलाई पनि १५ लाख भन्दा बढी दिएनौ । त्यसको एकदम माननीय सदस्यहरुले ग र हेर्नू भो भने म माननीय सदस्यहरुले आफ्नो निर्वाचन क्षेत्रमा पर्‍यो कहि त्यस्तो पैसा गको कहि दूरुपयोग भको छ भने पनि हामी त्यहाँको संयन्त्रलाई भन्न चाहान्छौ । हाम्ले कसैलाई पनि यो मन्त्रालयबाट काम गर्दाखेरी पक्षपात गर्ने, आफ्नो केरे प्रभाव दिने, कसैलाई नगर्ने हिसावले हाम्ले काम गरेकै छैनौ । यो मैले धेरै हेरे मन्त्रालयको उठेको कुराहरुसँग हामीले बाहिर बासी हेरेर मात्र भन्नु भन्दा पनि ठ्याक्क रुपमा एउटा कुरा गहिरिएर गतिलिएर हेरौ भने भित्रभित्र गयो भने तपाईहरुले अहिले पनि मन्त्रालयमा माननीय सदस्यहरु आउनुस्, हामी हेरैा, छलफल गरौ हामी सबैको एउटै उद्धेश्य छ कसरी राम्रो गर्ने । कसरी हाम्ले यसलाई प्रभावकारी हिसावले कार्यानवयन गर्ने, कसरी प्रदेश सरकारको उपस्थिति देखाउने । आज स्थानिय तह छ, संघ छ, हाम्रो प्रदेशको सांसदहरु पनि जनताको बीचमा जाँदाखेरी प्रदेशले गरेको काम के हो भन्ने कुरामा म चाहि माननीय सदस्यहरुको जुन तर्क छ, जुन विषय उठाउनुभको छ त्यो प्रति म पूर्ण समर्थन गर्न चाहान्छु । त्यसमा हाम्रो मन्त्रालयमा हामी धेरै यी कुराहरुमा म माननीय सदस्यहरुले उठाएको कुरालाई प्रष्ट पार्न चाहान्छु । र अव जस्तै युवा लक्षित चुनौती कोष भनेर ३ करोड रुपैया गतवर्ष विनियोजन भको थियो । हाम्ले तेलाई के गर्‍यौ भने ११ वटै जिल्लाबाट हाम्ले निवेदन माग्यौ, सबै जिल्लाहरुबाट निवेदनहरु आए । ती निवेदनहरुलाई हामीले छलफल गरेर हामीले एउटा कमिटी बनाएर हेरौ, र त्यस्ता निवेदनहरु कास्कीबाट १४ वटा परे, स्याङजाबाट ३९ वटा परे, नवलपुरबाट १८ वटा परे, गोरखाबाट ४८ वटा परे, तनहुँबाट ८६ वटा परे, लमजुङबाट १३७ वटा परे, मनाङबाट ११ वटा परे, पर्वतबाट ८९ वटा परे, बाग्लुङबाट १२ वटा परे, म्याग्दीबाट ४२ वटा परे, मुस्ताङबाट ६ वटा परे । हामीले यसैलाई एउटा क्राइटेरिया बनाएर अहिले हाम्ले त्यो युवा लक्षित चुनौती कोष विदेश गएर फर्केर आएका युवाहरुलाई नोमिनल ब्याजमा २ परसेन्ट हाम्ले ब्याजमा दिने भनेर त्यसको कार्यविधि पनि छ । कार्याविधि पास गरियो । त्यसरी ८० जना के रे त्यस्ता उधमीहरुलाई हाम्ले छनौट गरेका छौ । त्यो कास्कीबाट ४ जनालाई, स्याङजाबाट ६ जनालाई, नवलपुरबाट ४ जनालाई, गोरखाबाट ७ जनालाई, तनहुँबाट ११ जनालाई, लमजुङबाट १९ जनालाई, मनाङबाट ४ जनालाई, पर्वतबाट ११ जनालाई, बाग्लुङबाट ४ जनालाई, म्याग्दीबाट ७ जनालाई, मुस्ताङबाट ३ जनालाई यो पनि हाम्ले त्यो जतिपनि निवेदन परेका छन, १० वटा सम्म पर्‍यो भने

यति, २० वटा सम्म पर्‍यो भने यति, ३० वटा सम्म पर्‍यो भने यति, ४० वटा पर्‍यो भनि यति, ५० वटा पर्‍यो भने एउटा वटा थपिने, ६० वटा पर्‍यो भने एउटा थपिने एउटा काइटेरिया बनाएर एकदमै पारदर्शी हिसावले यी ८० जनाले उधम गर्नका लागि उहाँहरुले त्यो युवा चुनौती कोषबाट, वाणिज्य बैकबाट, एउटा प्रकृयाबाट लोन लिनुहुनेछ । यसरी सबै सेक्टरमा हामीले एकदमै पारदर्शी गरेर, एकदमै व्यवस्थित हिसावले धेरै कुरा हाम्रो मन्त्रालयको नीति नियम, कानुन बनाउने कुरामै बढी हामी समय खर्चेका छौ । यसरी हामीले काम गरेका छौ र पर्यटन क्षेत्रमा पनि हामीले धेरै कुराहरु अव कोशेली घरको पनि एउटा प्रकृया बनाएर गण्डकीमा एउटा कोशेली घर राख्ने, उधमीहरुले बनाएका चिजहरु यहाँबाट विदेश जाने पर्यटकहरुले सोभिनिएर सपहरुमा कसरी लैजाने, एउटा हामीले पर्वतमा, एउटा तनहुँमा, एउटा हामी कास्कीमा म्यान कास्कीलाई मेन मान्ने गाउँबाट आएको उत्पादन यिनीहरु तनहुँमा हामीले किन राख्यौ भने यतपटीको गण्ढकी प्रदेश बाट यात्रा गरेर फर्केर जानेहरुले आवुखैरेनीमा राख्ने कि, तेलाई मनकामनामा राख्ने कि, तेलाई अब वन्दिपुरमा राख्ने कि तनहुमा त्यहाँका उधमीहरुसँग परामर्श गरेर त्यो एउटा रिभल्वीङ फन्ड हो, मास्न पाइदैन । त्यो उसले लाने र स्थानियस्तरमा उत्पादन गरेका चिजहरुलाई वजारसम्म ल्याउनका लागि उधमीहरुले आफ्नो लगानी नगरिकिन गर्न पाउने हिसावले हाम्ले काम गरेका छौ । यसरी धेरै कुराहरु हाम्रो मन्त्रालयसँग संवन्धित धेरै विषयहरुलाई हामीले त्यसरी काम गरेका छौ । र यो साल नयाँ योजनाहरु जे जति आका छन, हाम्रो के रे योजनाहरु त्यो वाहेक हाम्ले माननीय सदस्यहरुसँग निवेदन माग्यौ माननीय सदस्यहरुलाई योजना हामीले कहाँनेर कसरी माननीय सदस्यहरुको योजनाहरुलाई छोड्न चाहान्छौ हामीले योजना छनौट प्रकियामा हाम्रो विगतमा स्थानिय तहबाट योजना छनौट हुदै आउथ्यो । अनि १३ वटा चरण पार गरेर बजेटमा समावेश हुन्थ्यो । केहि माननीय सदस्यहरुले हाल्नुहुन्थ्यो । अहिले संघले एउटा योजना बनाउछ शसर्तमा सिधै हामलाई तोकेर पठाउछ त्यो हाम्ले कार्यान्वयन मात्र गर्ने हो, तेलाई हाम्ले केहि गर्न पाउदैनौ, संघले स्थानिय तहलाई पनि पठाउँछ र हामीले बनाएका योजनाहरुमा माननीय सदस्यहरुले हाम्रो तलबाट आउने योजनाहरु हाम्रो कार्यालयले जहाँ माग गर्‍यो सिधै उसले यलाई मेसमा इन्ट्री गर्दे जान्छ । हाम्ले त्यो पनि मन्त्रालयमा ल्याएर तपाईले कम से कम मन्त्रालयलाई जानकारी दिएर मात्र तलबाट गर्नुस् भन्यम् । हामीले लगभग ५ अरव रुपैया को एल एम वीस एसमा योजना इन्ट्री गरेका थियौ तर हाम्रो बजेट अर्थ मन्त्रालयले २ अरव दिएपछि त केहि योजनाहरु त छुट्नी भए । त्यसमा पनि हाम्ले माननीयहरुले फोकस गरेको माननीयहरुले

जनतासँग प्रतिवद्धता गरेको गर्नै पर्नै तलबाट आएको कुरालाई रिफेस् लिनका लागि र त्यो योजनालाई समावेश टाइअफ गर्नका लागि छिराउनका लागि योजना मागेका थियौ । तर धेरै योजनाहरु अहिले किन परेनन भने हामीले जुन मन्त्रालयमा विनियोजन भको रकम छ यो चाहि प्रशासनिक खर्च मै हाम्रा संरचनाहरु धेरै बने हामी नीतिगत कुरा धेरै गर्नुपर्ने भा हुनाले अहिले थप अब अहिले हाम्रो मन्त्रालयमा कुनैपनि योजना डल्लोमा छैन। एउटा मात्र छ होमस्टेको २५ करोड रुपैया, त्यो २५ करोड रुपैया अहिले माननीय सदस्यहरुले होमस्टको बारेमा धेरै कुरा उठ्यो मैले यसमा प्रष्ट पार्न चाहान्छु । हामीले अहिलेसम्म हाम्रो मन्त्रालयमा जम्मा ३०२ वटा होमस्टेले निवेदन दिए । हाम्रो मन्त्रालयमा जिल्ला वन कार्यालयमा, जिल्लामा दिएको सबै होमस्टेहरुले ३०२ वटाले निवेदन दिए । २८ वटा निवेदन रिजेकट भए । यिनीहरुले प्रकृया पूरा गरेनन । यिनीहरुले सामुदायिक भन्नुपर्ने ठाउमा नीजि होमस्टेहरु छ नि कतिपय ले तलबाट लागत सहभागिताको पत्र ल्याउन सकेका छैनन । स्थानिय तहले १ लाख दिनुपर्छ भनेर जुन क्राइटेरिया बनायौ त्यो दिएनन र कतिपयले त्यो नामै प्रष्ट भएन कतिपयले होमस्टे खोल्छु भनेर निवेदन ल्याए पछि संपर्कमै आएनन । यसरी ३०२ वटामा तिनीहरुको पनि हामीले रेकर्ड राखेका छौ । उनीहरुलाई पनि हामी संपर्क गर्‍यौ । तपाईहरुले यो यो प्रकृया पुर्‍याएर आउनुस् भनेर हामीले भन्यौ । तर समय धेरै ढिलो भैसकेपछि केहि माननीय सदस्यहरुले ल्याउनु भो । त्यसलाई १५ दिने सुचना निकालेर दिन सक्ने समय थिएन । तर हामीले २७४ वटा २७३ वटालाई हामीले १० लाखका दरले र एउटा घले गाउँलाई ३० लाख रुपैया एउटै कलरको छाना छाउने भनेर २७४ वटालाई हाम्ले होमस्टेलाई अनुदान दिएका छौ । र त्यो अनुदानमा यति राम्रो होमस्टेले काम गर्दैछन, हामीले एउटा पूस्तक पनि प्रकाशन गरेका छौ हामीले होमस्टेलाई दिएको पैसा कुन जातीले चलाको छ , त्यहाँ उले के काम गर्‍यो, पैदलमार्ग बनायो कि, गुफा बनायो कि, पोखरी बनायो कि, भ्यूटावर बनायो कि, सामुदायिक भवन बनायो कि, उले के गर्‍यो ? एकदमै यो पैसाले यति धेरै रोजगारी सिर्जना गर्‍यो यो पैसाले जनताको जीवनसँग, एउटा गरिवसँग यो पैसाले र विशेषगरी ग्रामिण इलाकामा बस्ने जनसमुदायसँग यले जीविकापार्जनका लागि सपोर्ट गर्‍यो । तर यहि कुरालाई पनि कहिले कहिले होमस्टेको बारेमा होमस्टे बनाइयो चल्छ र होमस्टे भन्दाखेरी मलाई त मुटुमा चिसिक्क चिसिक्क लाग्छ मान्छेले त्यति राम्रो गरेर काम गरयाछ त्यति राम्रो काम गरेर त्यो पैसाको सहभागिता भाछ मैले धेरै ठाउँमा भन्ने पनि गर्‍याछु, मिडियाहरुको छलफलमा, अरु धेरै पर्यटकहरुले पनि तपाईले गाउँमा होमस्टे बनाएर कसरी पर्यटन चल्छ हामीले अरव खरव लगानी गरेर हामीले होटल चलाउनि तर

तपाईले हाम्रो चाहिलाई त्यति ध्यान नदिने तर गाउँमा तपाईले १० लाख रुपैया दिएर पर्यटनको प्रचार गर्ने भनेर मैले धेरै ठाउँमा सुनेको छु । पत्रपत्रिकाको टिष्पणी पनि मैले हेरेको छु । तर मलाई यो कार्यक्रम हाम्रो गण्डकी प्रदेश सरकारको सबैभन्दा धेरै जनतासँग जोडिएको सबैभन्दा धेरै जनताको रोजगारी सिर्जना गरेको र अस्तार गका बाटाहरु, घरहरु सामुदायिकहरु हामीले स्कुलमा गएर गर्ने कामहरु अव सामुदायिक भवनमा बसेर गर्न सक्ने म माननीय सदस्यहरुलाई मैले मिडियाबर पनि धेरै कुरा आको छ कुनै एक ठाउँमा मात्र यो पैसा दूरुपयोग भको एउटा आओस्, हाम्ले त्हाँ पूर्ण निगरानी गरेर तेलाई फिर्ता गर्ने गरेर फेरि राम्रो होमस्टे संचालन गर्ने गरी दिने गरेका छौ । यसमा अलि गहिराइमा गर यसमा बुझेर यसमा अव धेरै कुराहरु पनि आयो होमस्टेको कार्यविधि अलि अष्ठ्यारो भयो, कार्यविधिको कारणले सर्वसाधरणले पैसा लान सकेनन, भन्ने कुरा पनि उठ्यो । कहाँनिर कुन बुँदा अष्ठ्यारो भयो, सामान्य नाम लेख्ने कुरा, सामान्य गाउँमा ग र दर्ता गर्ने कुरा, र म पनि यो विषयमा अलि गंभिर भाको छु । जस्तै हाम्ले यो होमस्टेको दर्ता गर्नको लागि स्थानिय तहमा दर्ता गर्ने भन्यौ । हामीले स्थानिय तहमा दर्ता गर्ने कुरा स्थानिय तह बलियो होला, स्थानिय तहले पनि त्यसमा सहभागिता जनाउला, स्थानिय तहले त्यसमा रामो मोनिटरिङ गर्देला, प्राविधिक सहयोग गर्देला भनेर हामीले स्थानिय तहलाई कार्यविधिमा राख्यौ । हामीले त्यो स्थानिय तहमा नराखेर त्यो हामीले प्रदेश संचितीकोषमै संचितीकोषमै राखेको भए ३० लाख त होमस्टेहरुले कर पनि तिरे । १० जना होमस्टेका सामान्य मान्छेहरुले एक एक हजार रुपैया उठाएर १० हजार रुपैया ल र स्थानिय तहमा बुझाए । हाम्ले यो कार्यविधिमा चेन्ज गरयौ भने त ३० लाख त हाम्रो प्रदेशको आम्दानी पनि बढने रैछ । हाम्ले त्यो प्रदेशबाटै गर्न सकिने थियो । अव हाम्ले नविकरण पनि गर्नुपर्ने छ एक एक वर्षमा नविकरण गर्नुपर्ने भनेर हामीले कार्यविधिमा पनि राखेका छौ । हामीले त्यो नविकरण गर्दाखेरी यो कार्यविधि संशोधन गरेर प्रदेश कै पर्यटन कार्यालय कहि चाहि नयाँ खोल्ने कार्यालयमा नभए जिल्लास्तरका हाम्रा संरचनाहरुमा ल्याउन सक्यौ भने तेले केहि आम्दानी पनि बढाउछ प्रदेशको कोषलाई । अहिले पनि हामीले हेर्‍यौ भने आन्तरीक राजश्यबाट आउने पैसा, राजश्य बाडफाडबाट आउने पैसा अनुदान, वित्तिय र सामान्नीकरण र शसर्तबाट आउने पैसा, रोयल्टीबाट आउने पैसा, विगतमा खर्च हुन नसकेको बजेटको पैसा यहि न हो हाम्रो पैसा । हामीसँग एउटा मान्नु न माउले बच्चाले माउलाई दुध खानको लागि एक दुइचोटी बच्चाले माउलाई केरे हतएलो भने त्यो माउले सामान्य ठान्छ । तर त्यो माउको दुधै छैन आउन छोड्यो भने त्यो माउले बच्चालाई

छोडेर अर्कोतिर लाग्नुपर्ने हुन्छ । हामीसँग बजेट भयो भनि त हामी तेलाई मिलाएर बाड्ने सक्छौ नि, कोषमा पैसा भयो भनि त तर कोषमै पैसा छैन तर भनेर माग गरौ भने त हाम्रो कहाँबाट आउने ? हाम्रो अहिलेको समस्या पनि बजेटको सिलिङ हेरेर हामी धेरै कुरा के प्राथमिकतामा गयो भने हाम्रो धेरै भौतिकतिर गयो । हाम्रो मन्त्रालयतिर धेरै नीतिगत कुरा प्रशासनिक कामलाई अफिसहरु नजिकबाट जनतालाई सर्भिस दिने कुरामा हामी त्यो प्राथमिकतामा लग्यौ । त्यसकारण अहिले हाम्रो मन्त्रालयमा हिजो भएको हिजो गरेको र आज नभको जस्तो हिसावले धेरै कुराहरु माननीय सदस्यहरुबाट उठे । उधोग तर्फ यो साल अव धेरै न प्रगति गर्न सक्छौ । हामीले अहिले कमसे कम भोटेपोखरी र हामीले लोकाहामा प्रदेश स्तरीय उधोग स्थापना गर्ने, र त्हाँ लगानी गर्न आउनेहरुलाई लगानीको वातावरण सिर्जना गर्ने र गाउँमा पनि हामीले स्थानिय तहमा पनि उधोगग्रामहरु स्थापना गर्ने वातावरण बनाउन अव नीतिले प्रष्ट बनाएको छ । हामले संघले घोषणा गर्ने बित्तिकै हामले हामो पैसा ल र स्थानिय तहसँग मिलेर हामले धेरै ग्रामहरु स्थापना गर्न सक्छौ । त्यसकारण पनि हामी बढी उत्साहित छौ । उधोगबाट धेरै रोजगारी सिर्जना गर्न सकिन्छ, पर्यटनलाई आवश्यक पर्ने स्थानिय प्रोडकटहरुको हामीले उत्पादन गर्न सकिन्छ । त्यसबाट हामीले समृद्धिको लागि त्यसबाट रोजगारी सिर्जना गर्नका लागि उधोगबाट यो साल केहि न केहि काम विगतमा यी कामहरु मन्त्रालयका आन्तरीक काम भए । यी देखिएनन, अब हामी देखिने गरी रिजल्ट निकाल्ने गरी प्रदेश सरकार आइसकेपछि प्रदेश सरकारबाट स्थापित उधोगग्रम भनेर गराउन सक्ने अहिले संघले मात्र घोषणा गरिदियो भनेदेखि हामी त्यो काम गर्न सक्ने हिसावले उधोगमा एउटा राम्रो प्रगति देखिने संभावना म माननीय सदस्यहरुलाई जानकारी गराउन चाहान्छु । र त्यस्तै पर्यटनको क्षेत्रमा पनि हामीले पर्यटनमा नयाँ नयाँ कुराहरु गर्न खोजेका छौ । हिजो धेरै कुराहरु आयो । यहाँ केहि कुरा गर्‍यो कि तेलाई अव यो यस्तो संस्कृति भत्काउन खोज्यो, के गर्न खोज्यो । हिजो चाहि एक जना माननीय सदस्यले भन्दै हुनुहुन्थ्यो । हामीले कुनैपनि यहाँको संस्कृति भत्काउने होइन । हाम्रो पर्यटन भनेको एउटा आजभन्दा ५० वर्ष पहिला एकजना विदेशी यहाँ आएर हिमाल चढेर शुरु भको पर्यटन हो । एउटा पर्यटक आइसकेपछि तेले अनि ए पर्यटकहरु पनि आउने रहिछन् हामीले चिया खायो भने पैसा दिने रैछन, खाना ख्वायो भने पैसा दिने रैछन भनेर शूरु भको पर्यटन हो । यलाई विकास गरेर एउटा राम्रो चरणमा पुर्‍याउनको लागि यलाई अन्तर्राष्ट्रिय कम्पीटिशन गर्नका लागि पर्यटन क्षेत्रमा जे जे आवश्यकता छन, पर्यटक यहाँ आउनका लागि त यी पूर्वाधारहरु निर्माण गर्नका लागि हामीले नीजि क्षेत्रलाई धेरै के

गर्दाखेरी तपाईले यहाँ लगानी गर्न सक्नुहुन्छ, हाम्रो सबैभन्दा ठुलो अपरचुनिटी एयरपोर्ट हो । २०२१ जुलाईमा हाम्रो अन्तर्राष्टीय फलाइट हुदैछ । एक दिनका दिन २० वटा फलाइट आउछन । एउटा फलाइटमा २०० जना आएभने ४००० हजार नयाँ मान्छे आउछन । ती मान्छेहरुलाई राख्नका लागि सरकारले होटल बनाउने त होइन नि, सरकारले अरु केहि बनाउने त होइन नि सरकारले पोखरा आको पर्यटकलाई कसरी हामो गण्डकी प्रदेशको ११ वटै जिल्लामा पुर्‌याउने । त्यसका लागि सडक बनाउनु पर्‌यो । त्यसका लागि बिजुलीको एभाइएवल गर्न पर्‌यो, सबै ठाउँमा वाइफाइ पुर्‌याउन पर्‌यो त्यसको लागि ती कुराहरुमा हाम्रो पर्यटनका सवै संभावनाहरु त्यसका लागि हाम्ले बैकल्पिक हिसावले स्थानिय तहका होमस्टेहरुलाई पनि व्यवस्थित बनाएर ३११ जनालाई यहाँको होमस्टे होटलमा ल्याएर तालिम दियौ । उनीहरुले चियामा चिनी सिधै हालेर नल्याउने, ष्याकेटको चिनी राख्ने, खाना दिदाखेरी सिधै गिलासभित्र औलो हालेर नल्याउने, सिधै बाहिर राम्रो गराउने, लुगा च्याट्ट बनाउने, आको पर्यटकहरुको इन्फोमेशन राख्ने, त्यस्तो तालिम पनि हाम्ले सँगसगै पर्यटकहरुलाई अलि समक्ष बनाउने कुरामा पनि हामी लागिरकाछौ । गण्डकी प्रदेश सरकारले हामीले सेलेक्सन गरेका २७४ होमस्टेबाट १५१ वटा होमस्टबाट आज ३११ जनाले तालिम लिइसक्नुभाको छ । उहाँहरु एकदमै उत्साहित हुनुभाछ । आज धेरै पोखरामा बस्ने पनि म अब गाउँ फकिन्छु, अब हामीले यसैवर्ष कृषिलाई पनि होमस्टेसँग जोड्न खोजेका छौ । पानीका पन्डहरु पोखरीहरु पनि होमस्टेमा बनाउने र यो अहिलेको दुई २५ करोड रुपैया जुन छ, तिनै २७४ वटालाई जहाँ चाहि व्यवसायिक हिसावले प्रोफेसनल हिसावले होमस्टेहरु चल्न सक्छन, जहाँ टुरिजम प्रोडक्ट छ, त्यो प्रोडक्टमा पनि हामीले चाहि कसरी त्यो दिन सक्छौ भनेर हामीले राखेका छौ । माननीय सदस्यहरु, अर्को हामीले एउटा उपलब्धीमुलक काम चाहि ११० डिस्नेशन भएको एउटा पुस्तक प्रकाशन गर्‌यौ । हामीले एउटा स्टाटस पेपर हाम्रो अवस्था के छ त हाम्रो मन्त्रालयको स्टाटस पेपर पनि प्रकाशन गरेका छौ । तेले पनि धेरै कुरा काम गर्नका लागि हामीलाई सहयोग पुर्‌याकोछ । अब हामी कुन सेक्टरमा कसरी जाने भन्नेकुराको नया गरेका छौ । अहिले हाम्ले नयाँ काम एउटा बजारमा खाध अनुगमन गर्नका लागि बजार अनुगमन गर्नका लागि विषादी प्रयोग भको चिज आउछ भनेर हामीले पृथ्वीनारायण क्याम्पसमा एउटा विज्ञान प्रविधि साइन्स एण्ड टेक्नोलोजी बनाउने भनेर हाम्ले कलेजसँग १० वर्षे एम यु गरेर एउटा विल्डीङ लिएर हामीले काम शूरु गरेका छौ । गतवर्ष ८५ लाख रुपैया हामीसँग बजेट विनियोजन थियो । तेले हामीले त्यहाँको विल्डीङ मर्मत गरेर

अब हामीले ल्याव बनाउने जुनसुकै वस्तुपनि त्यहाँ ल्यावमा लगेर राखेपछि यो प्रयोग गर्न हाम्रो क्वारेन्टाइन खैरेनीमा र उता स्याङजामा खुल्दैछ । त्यहाँ रोकिएको सामानलाई पनि लिएर आर चेक गर्न प्रयोगशालाका लागि राम्रो साइन्टीसहरुको हामीले प्रयोगशाला बनाउने भनेर नयाँ काम चाहि हाम्रै मन्त्रालयले प्रारम्भ गरेको छ । त्यसको लागि पनि अहिले नयाँ बजेटमा पैसा गकोछ । त्यसकारण हिजो हामीले विगतमा जुन योजनामा अलि अलि पैदलमार्गमा अलि अलि हाम्ले चाहि के रे डीपीआर बनेका योजनामा र अलि अलि हाम्ले जुन बजेटहरु दिएका थियौ ती बजेटहरु हाम्रो अहिले नयाँ कितावमा नदेखिदाखेरी माननीय सदस्यहरुले हामीसँग चिठी माग्ने अनि त्हार किन नदिने हिजो एकजना माननीय सदस्यले भन्नुभो । हामीसँग मन्दीरमा पैसा पाइदैन, गुम्वामा पैसा पाइदैन, भनेर उधोग पर्यटन मन्त्रीले हामीलाई प्रष्ट भन्नुभो । फेरि आज यो मन्त्रालयमा फेरि चाहि यो वार्षिक कितावमा मन्दिर, गुम्वा भनेर आछ यो लेवलको ढाट्ने कुरा पनि गर्न हुन्छ भनेर माननीय सदस्यहरुले कुरा उठाउनु भो । मैले माननीय सदस्यहरुलाई यो कुरामा प्रष्ट पार्न चाहान्छु हामीले केहि ढाट्नुपर्ने छैन । हाम्रो मन्त्रालयबाट गुम्वालाईा, हाम्रो मन्त्रालयबाट मन्दिरलाई यो साल पैसा विनियोजन भको छैन । तर यो कितावमा मैले पनि हेरे, के रैछ भनेको केन्द्रबाट संघमा पर्यटन, संस्कृति मन्त्रालय एकै ठाउँमा छ । तर प्रदेशमा संस्कृति मन्त्रालय के रे हाम्रे सामाजिक मन्त्रालयमा छ । उले माथिबाट पठाउदाखेरी हाम्रो मन्त्रालयमा हालदियो । यो हामीले यहाँ छापिएर आएपनि हामीले अर्थमन्त्रालयसँग गएर यो सामाजिक मन्त्रालय ले कार्यानवयन गरोस् भनेर यो त नयाँ प्राक्टीसमा त छौ नि त । देखिदाखेरी उधोग पर्यटनमा देखियो । त्यो प्रदेशले राखेको होइन । शसर्तमा संघबाट आएको पैसा हो । हामीले यस्तो विषयहरु नयाँ प्राक्टीस्मा हुदाखेरी हामीले माननीय सदस्यहरुलाई अल्मलाएर, माननीय सदस्यहरुलाई ढाटेर माननीय सदस्यहरुले भनेको कुरा गरेर म एउटा कुरा यहाँ के स्पष्ट पार्न चाहान्छु भने, हामी यो किताव भन्दा बाहिर यो वार्षिक बजेटमा उल्लेख गरेको कुरा भन्दा बाहिर गएर मन्त्रालयले माननीय सदस्यहरु भनेको त यो बजेटलाई हेर्ने पास गर्ने र तपाईहरुले गरेको कुरालाई हामीले कार्यान्वयन मात्र गर्ने हो । कार्यानवयन गर्दा कहिनेर फल्ट गर्‍यो भने फेरि त्यहा मन्त्रालयमा पनि कर्मचारी संयन्त्र छ, प्रकृयाछ, सार्वजनिक खरिद ऐन छ फेरि केहि गर्‍यो भने यो के भने चाहि आफ्नो अधिकारलाई बढी प्रेसर गर्‍यो भने अरु हेर्ने निकायहरु छन । यो संभवै छैन । हामीले यसमा शंकै मान्न पदैन । यो विषयमा घोर्तलिदै गयौ, खोदल्दै गयौ सबै कुरा गर्दै गयौ हामी यहा यसरी रोस्टमबाट यहा सभाभित्रबाट प्रष्ट् हुन नसकेका कुराहरुको हामी अनौपचारिक रुपमा पनि हामी माननीय सदस्यहरुसँग

मन्त्रालयमा आउदाखेरी जतिवेला आएपनि हामी वलकम छ । हामी म के उत्साहित भाछु भने विगतमा हामी धेरै यो पैसा बाड्ने कुरा मन्त्रालयमा राख्ने कुरा पनि रहेनछ । तलबाटै हाम्रो जुन फील्डमा अफिस छ त्यो फिल्डको अफिसमा हेरयो त्हाँ बुझ्यो यसको आवश्यकता गर्‍यो टेक्नीकल कुरा हेर्‍यो र त्यो योजना आयो भने त्यो कार्यान्वयन हुन्छ । हामीले कसैलाई निवेदन दिएर कसैको चित्त बुझाउन योजना दियो भने त्यो कार्यान्वयन नै हुदैन । त्यो योजना आवश्यक हो कि होइन, त्यो योजना प्राविधिक हिसावले फिजीवल छ कि छैन, हामी यो विषयमा पनि यो बजेट योजना तर्जुमा तथा कार्यान्वयन निर्देशिका २०७५ । अब यो बजेटको बाडफाडमा हामी हिजोको प्रकृया भत्क्यो । आजको प्रकृया जो जो जहा जहा कर्मचारी ले लेखिदिए पनि कसैले माग गर्‍यो भने नि कसैले मन्त्रीले यो हालौन भनेर गर्‍यौ भने हामी कहिल्यै पनि सिस्टममा जान सक्दैनौ । कुन विधि अवलम्वन गर्ने, कुन विधिबाट हामी जाने यो विषय पनि संसदको एउटा छलफलको विषय हुन सक्छ । जुन कुरामा हामी बजेटको बेलामा रन्थनिनुपर्ने रिसाउनुपर्ने, किताव आएपछि नदेखेपछि भुनभनिनपर्ने यो चिजलाई अन्त्य गर्नुपर्छ । यो एउटा सिस्टममा हाम्रो माननीय मुख्यमन्त्रीज्यूले भन्नुभाछ । जता जता नेता भए तेतै तेतै दौडिनपर्ने सिस्टमको अन्त हुनपर्छ । विधि र प्रणालीले स्थापित विकासमा हामी जानपर्छ । त्यो मात्र गर्‍यौ भने हामी दिगो विकासमा जान सक्छौ भनेर कुरा पनि उठेका छन । यो कुराहरुमा हामी अलि छलफल गरौ अझ हामी यो संसदभित्र कुरा उठ्दाखेरी हिजो एकजना माननीय सदस्यले त्यस्मा मलाई कुनै अन्यथा लाग्याछैन । मसँग असाध्य उहाँ चाहि हामी दाजुभाइ जस्ता अनौपचारिक कुरा गर्ने तर रोष्टममा आउदाखेरी अनौपचारिक कुरा औपचारिक गर्दाखेरी तेले त संसदको मर्यादा त रहेन नि त । मैले फेरि कुनै अन्यथा ठान्या छैन, त्यसमा त्यस्तो कुरा हुनुहुदैन । यसको यो संसदको गरिमा बढाउने, हाम्रो गरिमा बढाउने, हामी रिजल्ट निकाल्ने हामीले गरेका कुराहरु जनताले यो जनताको प्रतिनिधिको थलो हो । यी कुराहरुलाई मैले यसरी राख्न चाहान्छु धेरै कुराहरु अहिले पनि हाम्रो टोटल मन्त्रालयको मैले अघिनै भनिसके हाम्रो प्रशासनिक खर्च चालुतर्फ धेरै छ । पूजीगत तर्फ हाम्रो काम पनि त्यस्तै छ हाम्रो । हाम्रो मन्त्रालयमा भको । त्यो भा हुनाले कुनै पनि नयाँ योजना माननीय सदस्यहरुले संघबाट आको शसर्त योजनाहरु हामीले संपादन गर्छौ, र केहि योजनाहरु संघबाट आका छन, हाम्रो मन्त्रालयको वार्षिक पूस्तकमा यो देखिदाखेरी माननीयहरुले मसिनीएर गहिरीएर हेर्नु भो यी योजनाहरु कसरी पर्‍यो त, कसरी परेन भन्दाखेरी त्यहाँ शसर्त भनेर लेखेकै छ । तेलाई मसिनो गरी हेरेर यी विषयहरुमा प्रष्ट म पार्न चाहान्छु । धेरै कुराहरु हाम्रो मन्त्रालयमा ८ वटा मन्त्रालय छन । हाम्रो मेन वनको

सबै संरचनाहरु छन, उधोगको पनि हाम्रो सानो संरचनाहरु छन, विकास समिति र घरेलु अफिसहरु भएपनि हाम्रो अव पर्यटनको एउटा संरचना अहिले दूइटा बनाउ भनेको त्यो पनि यो वर्ष एउटा बनाम भनेर एउटा प्रस्तावित भको छ । अरु निर्देशनालयहरु छन, र तिनैबाट हाम्रो कामहरु संपादन हुन्छन, र यो वर्ष मन्त्रालयले अनुगमन गराउने, नीति गराउने, ऐन गराउने, अरु कार्यविधिहरु बनाउने अरुले गरेको कामहरुलाई अनुगमन गर्ने हाम्रो मन्त्रालयमा बाढ्ने पैसा एउटा दुइटा रकम मात्र मैले तपाईहरुलाई भने एउटा त्यो होमस्टेको कार्यविधि बनार तेलाइ गरौला, त्यलाई कसरी जाने, तिनै २७४ मा जाने कि, कसरी जाने, केगर्ने तेलाई अव चल्ने पेसरल होमस्टेलाई व्यवस्थित गर्ने, हामीले माननीय सदस्यहरुसँगै छलफल गरेर त्यो कार्यविधि बनाउदाखेरी सवैलाई राखेर पास गराएर त्यो कार्यविधि अनुसार नै जाउला । र अर्को हाम्रो ११० गन्त्व्यलाई एउटा जिल्लाबाट ४ वटा गन्तव्य हरु छान्ने, र एउटा गन्तव्यलाई ४० लाख र हिजो पनि माननीय सदस्यले उठाउनु भाछ । यहाँ फेवातालको गन्तव्यलाई ४० लाख दिएर के हुन्छ, हुन्न भने हामी अर्को फेवालाई ३२ करोड रुपैया महानगरपालिकासँग हामी साझेदारीमा काम गर्नै भनेर यो वर्ष ५ करोड रुपैया दिने, अर्को वर्ष महानगरले जति प्रगति गर्छ, हाम्ले तयो जसरी पनि दिने भनेर हाम्रो केरे एग्रीमेन्ट नै भको छ । हामीले एमओयु नै गरिसक्याछौ । त्यो पैसाबाट हामी भाग्न पाउदैनौ । हाम्ले फेवातालको सीमांकन गरेर गर्ने भनेर हाम्रै संयाजकतत्वमा कमिटी बनेको छ । ती कामहरु अहिले ६ वटा मिटिङ भका छन । सिमांकनको लागि हामीले प्रधानमन्त्री कार्यालयमा भुमिसुधार मन्त्रालयबाट मान्छे पठाउनका लागि हामीले लेखेका छौ । यहाँको नापी कार्यालय छ यहाँ । उले सर्वोच्वले फैसाला गर्दा विभागले गर्ने भनेर लेखेको छ । विभागबाट मान्छे आउन ढिलाई भा हुनाले हामी सिमांकनको काममा अलिकिति हामी ढिला भाको छ । त्यो कामलाई पनि अव बजेट पास भएपछि तिव्रता दिने भनेर केहि माननीय सदस्यहरुलाई त्यसको लागि जानका लागि प्रमुख सचिवलाई त्यो समितिका सदस्यहरुलाई हाम्ले जिम्मा लगाइसकेका छौ । यसरी कामहरु अगाडि बढेका छन । र यसमा माननीय सदस्यहरुले जे जति कुराहरु उठाउनु भाको छ मैले बुँदागत रुपमा पनि धेरै कुरा ल्याथे । र यो सबै कुराहरु मैले यति भनिसकेपछि तपाईहरुलाई धेरै कुरा प्रष्ट पनि भको होला । हाम्रो वनको , पर्यटनको, उधोगको, वातावरणको हाम्रो यी कामहरु बाहिर हाम्रो मन्त्रालयको नाम भएपनि वाणिज्य, आपूर्ति, विज्ञान पनि हाम्रो मन्त्रालयभित्र छन । ती सेक्टरका कामहरु पनि इन्टररिलेटेड कामहरु छन । तेले हाम्लाई धेरै कुराहरु भाको छ । र संस्कृतिको पैसा हाम्रोमा देखिए पनि त्यो सामाजिक मन्त्रालयमा प्रदेशमा संस्कृतिको जिम्मा सामाजिक मन्त्रालय अन्तर्गत

भको हुनाले त्यो हामीले उतै लैजान सक्छौ । सशर्तमा माथिबाट यहाँ आएपनि त्यो माननीय सदस्यहरु हाम्रो बाट मन्दिरलाई त्यस्तो पैसा यो साल गतसाल हामीसँग ६० लाख थियो, अहिले अर्थमन्त्रालयले एकमुष्ठ रकम सामाजिक मन्त्रालयमा राखेको छ । सामाजिक मन्त्रलयबाटै त्यो पैसाको के रे बाडफाड हुन्छ मन्दिरहरुको । उहाँहरुले कसरी प्रस्ताव गर्नु भाछ त्यो सामाजिक मन्त्रालयले नै प्रष्ट पारिसक्नु भा होला । हाम्रो बाट त्यस्तो पैसा बाडफाड भाको छैन । हाम्रोमा यो कितावमा जे जति आका छन्, त्यो बाहेक अहिले विभिन्न पार्कहरु, उधनहरु, जिल्लाबाट आकोलाई त्यो एकमुष्ठ १८ करोड भनेर त्यो एउटा जोडेर हाम्रो अर्थमन्त्रीज्यूले यति पैसा पार्क, उध्यानहरुमा जानेछ भनेर यहाँ भन्नु भको हो । थप बाढन बाँकी पैसा त्यो होइन । तिनै बाढको पैसालाई जोडेर त्यो भनिएको पैसा हो । मैले हिजो पनि अर्थमन्त्रालयमा त्यो कुरा प्रष्ट गरे विगत झै फेरि कहि पार्कलाई, कहि उधानलाई कहि पैसा छकि भनेर मैले हेरेपछि उहाँहरुले जोडेर देखाइदिनु भो । कतिपय कुरा हाम्ले प्रष्ट हुनुपर्ने हुन्छ । खोदलो भने, हेर्‍यो भने संसदलाई ढाटेर, संसदलाई लुकाएर संसदलाई अल्मलाएर त्यो कुनै पनि काम सरकारले गर्न सक्दैन । सवै कुरा यहा छलफल गरेर, पारदर्शी गरेर यहाबाट ओके भएपछि मात्र हाम्ले सरकारले त्यो कुरा कार्यान्वयन गर्ने हो । त्यसमा हाम्ले कुनै पनि विषय उठ्यो भने त्यो विषयमा जति बुझ्यो त्यो कुरामा कुरा उठाउदाखेरी हामीमा अन्योलता सिर्जना हुन सक्छ । यसतो भयो भनि आउन सक्छ, हामी छलफल गरौ, प्रष्ट गरौ र हामी तेलाई संपादन गरौ र अरुबाँकी रहका धेरै कुराहरु माननीय सदस्यहरुले अनौपचारिक रुपमा मन्त्रालयमा आउनु भयो भने पनि म प्रष्ट बनाउने नै छु । मैले हिजो अस्तिबाट मैले बसेर हेरे मैले किन यस्तो भएत अलि बजेट कार्यान्वयनमा हाम्रो घट्नु पनि विगतमा भन्दा हाम्रो धेरै घटेको छैन । किनभने दुइटा शीर्षक उता जादाखेरी घटेको जस्तो मात्र देखिएको हो । दुइटा शीर्षक एउटा लगानी संमेलनमा हाम्ले राखेको ९ करोड रुपैया अहिले मख्यमन्त्री कार्यालय तिर गयो । युवा चुनौतिकोषको पैसा अर्थमन्त्रालयतिरै गर त्यो अथको काम भा हुनाले त्यो हाम्रो अर्थमन्त्रलयबाटै गरौ भनेर सहमतिले नै हामीले त्यो गर्दाखेरी पोहोर साल ३ करोड थियो, अहिले ५ करोड अर्थतिर जादाखेरी हाम्रो माथिबाट पनि केहि पैसा घटेर आयो शसर्तमा आउने पैसा र यहाको पनि यो दुइटा शीर्षक जादाखेरी कम जस्तो देखिएको हो, पोहो एउटै मन्त्रालयको डल्लो हामीसँग थियो र त्यो पैसा धेरै जस्तो देखियो अहिले ३० वटा कार्यालयमा त्यो बाढीदा खेरी पोहोर के रे वनको कर्मचारीले माथिबाटै तलव खान्थे, अहिले हाम्रै मन्त्रालयबाट जादाखेरी शीर्षकमा त्यो त हाम्रो दायित्वमा आयो, प्रदेश अन्तर्गत त्यसैले यो पैसा योजनामा कम देखिएको हो । र मैले यति नै कुरा प्रष्ट

पार्दे फेरि पनि माननीय सदस्यहरुसँग अनौपचारिक रुपमा पनि मन्त्रालयमै हामी छलफल हुने नै छ , यिनै कुरा राख्दै मेरो भनाइलाई पनि यहि अन्त गर्न चाहान्छु, हवस् त धन्यवाद ।

## माननीय सभामुखज्यु,

माननीय सदस्यहरु, अबको छलफलमा विनियोजन विधयक २०७६ अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग संवन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा जानकारी गराउछु । छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री इन्द्रधारा ढाडु विष्ट लाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री इन्द्रधारा ढाडु विष्टज्यु,

सभामुख महोदय, आज हामी यस गरिमामय सदनमा विनियोजित बजेट २०७६ अन्तर्गत महत्वपूर्ण मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयसँग संवन्धित विभिन्न शीर्षकहरु माथि छलफल गरिरहेका छौ । सभामुख ज्यु, रातो किताबलाई अध्ययन गर्दा कार्यक्रमहरु जम्मा दुई पेज १२ वटा क्रम संख्या र करिव २ करोड मात्र देखिन्छ । तर त्यो भित्र केलाएर हेर्दा मलाई के लाग्छ भने क्रम संख्या ५४ देखि ६१ सम्म र ६५ लाई राम्रो सँग अध्ययन गर्दा यो प्रदेशको आर्थिक उन्नतिको लागि, प्रादेशिकताको लागि, वित्त संवन्धित तालिमको लागि, राजश्व संभावित पहिचान तथा विस्तारका लागि, मन्त्रालयहरु बीच सुचना प्रणाली सुधारका लागि, कर तथा गै्रकर अध्ययनका लागि र बजेट तर्जुमा तथा अभिमुखिकरण तालिम, गोष्ठी, छलफल जस्ता कार्यक्रमले के देख्छ भने दिगो विकास, प्रभावकारी कार्यक्रमसँग अन्तरनिर्भर अर्थतन्त्रको लक्ष लिएको स्पष्ट देखिन्छ। साथै ए,वी,सी कसैले समेट्नै नसक्ने यति थोरै कार्यक्रम भित्र विशाल समेटिएको देख्दा मेरो र मेरो दलको सोलुट गर्दै साथ अनि समर्थन रहेको छ । सभामुख महोदय, यो मन्त्रालयको कुरा गरिराख्दा रातो किताव झन्डै ३५४ पेजमा सवै प्रदेश सरकार अन्तर्गत मन्त्रालयहरुको आर्थिक वर्ष २०७६।७७ को वार्षिक विकास कार्यक्रम नै यस मन्त्रालय ले समानुपातिक हिसावले, अति सुझ्बुझ्का साथ दिगो विकास तर्फ उन्मुख सुखी

प्रदेशको गन्तव्य तय र समृद्धि प्रदेशको लक्ष सहितको रातो किताव यसै मन्त्रालयबाट हामी माफ्त सवैलाई प्राप्त भएको थाहा भएको विषय हो । यसैले म के भन्न चाहान्छु भने मन्त्रीज्यु लगाएत, संपूर्ण सचिव कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । सभामुखज्यू, हामी केहि दिन अगाडि देखि निरन्तर छलफलमा छौ र माननीय साथीहरुको विचार सुनिराख्दा अच्चमै लाग्छ । मेरो थालमा अचार आएन, मेरो थालमा छोप आएन, मेरो थालमा साग आएन, मेरो थालमा आलु आएन, मेरोमा हरियो खुर्सानी आएन, मेरोमा सवै आयो तर थोरै ड्जररुपी दाइ आएन भन्नु हुन्छ । तर म के भन्छु भने माननीय साथीहरु यो सरकारले नम्वर वान सबै प्रदेशवासीलाई खाना दाल र भात पर्‍याउने रहेको छ । र सधै पुर्‍याउने लक्ष लिएको छ । र त्यसैले खान पुग्यो कि पुगेन भन्ने कुरा ठुलो हो । दया, माया, अचार, छोप, थरीथरी तरकारी आलु साग आदि इत्यादि पनि यो सरकारले शूरु देखि नै पुर्‍याउने थियो । तर दुखको कुरा हिजो देश चलाउनेहरुले चामल र दालको कुरा त परै जाओस्, खाली बोरा समेत नरहने गरी सिध्याएको बेलामा यो सरकारले खानलाई व्यवस्था गर्‍यो । ठाउँ ठाउँ हात हातमा हालिदिने कामको शुरुवात गरेको छ । र गरिरहने छ भन्ने मलाई विश्वास छ ढुक्क हुनुस् एक दुई वर्ष भित्र यो सरकारले जसरी थकाली खाना सेट सजिएर पस्केको हुन्छ, त्यसरी नै यो सरकारले प्रदेशवासीलाई पुर्‍याउने कुरामा ढुक्क रहेको विश्वास छ । अलि अलि कहि कतै थोरै ढिलो भएको महसुस हामी सवैमा छ । त्यसमा पनि म के भन्छु भने यो सरकार गाडी हाँक्ने ड्राइभर पनि आफु त्यो बिग्रेको बाटो लथालिंग पन्छाउने पनि आफै भएर सफल गन्तव्यमा पुग्न वाध्यता रहेको मात्र केहि ढिलो महसुस मात्र भएको हो । भरोसा गर्नुहोस् आशा गर्नुहोस् अब त सफल गन्तव्यको यात्रा तय भैसकेको छ । साथै कहि कतै १२ वर्ष डुलो पुच्छर जस्ता अभिव्यक्ति ले मलाई के लाग्छ भने यो दुई वर्ष मात्र पुरा गरेको सरकारप्रति यो न्यायोचित प्रश्न हो त ? पक्कै तीन वर्ष ढुडोले सिधा भएको हो त ? तीन कदम फर्किएर हेर्न पनि अनुरोध गर्छु । सभामुख महोदय, साथै केहि माननीय साथीहरु मुख्यमन्त्रीज्युको अभिव्यक्ति माथि प्रंसग उठाउनु भएको छ । तर म के भन्छु भने ती अभिव्यक्तिहरु पर्यटन प्रवर्द्धनभित्र पर्दैन र ? संसारमा विकसित राष्ट्हरु ती विषयहरु अगालेर राष्ट्को विकास र आर्थिक उन्नति आकास छोएको छ । तर म के भन्छु भने त्यो विषयहरुमा हाम्रो प्रदेशभित्र वहस हुन आवश्यक छ । तर त्यसलाई सस्कारमाथि नै प्रहार भयो भन्नेप्रति के भन्छु भने यो मासु हो भन्दा छि छि छि हामीले त छुनु हुन्न भन्छौ तर पिठोमा वेरेर हजुर मम हो भन्दा त तछाड मछाड गर्दै टिप्ने हाम्रो व्यवहार छ । के हामी यहि स्थितिमा बरु विकसित राष्ट् भन्दा पचासौ वर्ष पछाडि बस्ने हो त ? यी

विषयहरुलाई विषय बनाएर वहस गर्नु आजको आवश्यकता हो । र २१ ओ शताव्दीको माग पनि हो । सभामुखज्यु, अन्तमा मेरो शव्द शैलीमा अलिकति भोटे गन्ध आउछ । तर त्यसलाई सुगन्ध रुपमा स्वीकार्न अनुरोध गर्छु । आर्थिक मामिला तथा योजना मन्त्रालयले थोरै कार्यक्रम भएपनि विशाल सोचको साथ आएको महसुस गर्दै आफ्नो र आफ्नो दलको साथ र समर्थन रहेको जनाउदै विदा हुन्छु । हवस् त धन्यवाद ।

## माननीय सभामुखज्यु

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने ज्यु

माननीय सभामुख महोदय, हामी प्रदेश निर्माणकै क्रममै छौ । शुरुवात भएको छ, र शुरुवातसँग सँगै यसले आफ्नो गति लिनु आवश्यक छ । मलाई लाग्छ हामीसँग समय अत्यन्त कम छ । किनभने हामीले यसको संघीयताको आवश्यकता र यसको मर्मको बारेमा प्रत्यक्ष रुपमा जनतालाई अनुभुत गराउनु छ । त्यसैले पनि हामी कतिवेला हाम्रो समय कति बेला हामी कति वर्षको भयौ हामी बच्चा छौ सानै छौ कि ठुलै छौ भनेर अझै पनि त्यता वहस गर्न जाने समय होइन भन्ने लाग्छ मलाई । समयको आफ्नै महत्व हुन्छ, हरेक वर्षको आफ्नै किसिमको महत्व हुन्छ । अघिल्लो वर्षको आफ्नै किसिमको महत्व थियो, यो वर्षको आफ्नै किसिमको महत्व छ, हिजो गर्ने काम आज र आज गर्ने काम भोली गरौला, हामीसँग दिन छ, हामीसंग समय छ त्यसैले हामी अझै हाम्रो समय नै कति भा छर भन्यौ भने हामी लक्षमा पुग्छौ जस्तो लाग्दैन । यहाँ अर्थसँग संवन्धित विधयकको वारेमा हामी छलफल गरिराखेका छौ । सवैभन्दा थोरै शीर्षकमा ११, १२ वटा शीर्षकमा तर केहि महत्वपूर्ण कुराहरु छन त्यसमा । मैले ती महत्वपूर्ण कुराहरुका लागि सम्मान गर्न चाहान्छु । त्यसो हुदाहुदै पनि हामीले उठाउदै आएका छौ, हामीले भन्ने क्रममा बोल्ने क्रममा अरु मन्त्रालय को विनियोजित बजेट माथि पनि भन्दै आएका छौ । बजेट कार्यान्वयन पक्ष महत्वपूर्ण पक्ष हो र कार्यान्वयन सँगसँगै छुट्याइएको बजेटको सदूपयोग पनि कति हुने भन्ने कुरा हो । मैले दोष दिन चाहान्न । मैले सम्मान गर्न चाहान्छु । मैले कसैको विरुद्धमा बोल्न जानेकै छैन भन्दा पनि हुन्छ तर सत्य कुरालाई मैले लुकाइराखे भने मेरो मनभित्रको त्यो हरिले मलाई धिकार्छ कि भन्ने पनि लाग्छ । त्यसैले मैले धेरै कुरा नगरिकन धेरै आवश्यक देखिन मैले त्यहाँ एउटा क्रमसंख्या ५४ मा उधमी व्यवसायी पेशाविद लगायतका जनशक्तिलाई बैकिग, विमा, पूजीबजार लगाएत

विशिष्ठ प्रकृति का तालिम भनेर राखिएको छ। मैले नबझ्केको पनि हुन सक्छ। अब ती उधमी व्यवसायी र जो पेशामा आवद्ध छन तिनलाई अर्थमन्त्रालयद्धारा कस्तो किसिमको तालिम दिन पर्ने हो, मैले बुझ्किन त्यो उधमी व्यवसायीहरुको क्षेत्र मन्त्रालय अर्के हो कि भन्ने मलाई लाग्छ। यहाँ अर्थमन्त्रालय अन्तर्गत विनियोजित ३० लाख रुपैया छुट्याइएको छ, मलाई लाग्छ यो अर्थमन्त्रालयले गर्ने काम नभई यो पहिलो कुरो त यो उधमी व्यवसायी हरुलाई नै दिने तालिम कुन प्रकारको हो, त्यसपछि गएर अर्थमन्त्रालयले छुट्याएको छ बजेट मलाई त्यसमा कहि कतै दुविधा भएको छ। अर्को राजश्व परिचालन संवन्धि चेतना तथा अभिमुखिकरण तालिम भनेर ६० लाख छुट्याइएको छ । सभामुख महोदय, यो तालिमको लागि ६० लाख रुपैया भनेको धेरै न होइन र ? हामीले कहि कतै उठाउदै आएका तालिम, सेमिनार, गोष्ठी का नाममा हामीले रकम कहि कतै जुन ठाउँमा विकासका काम हुन्थे, ती कुराहरुलाई छोडेर हामी यसैमा अल्झेका त छैनौ ? तालिम आवश्यक छ, मलाई थाहा छ तालिमले व्यक्तिको व्यक्तित्व विकास पनि हुन्छ, तालिमले निखार आउछ व्यक्तिमा, संस्थाहरुलाई पनि आवश्यक छ । तर हामी तेतितिर मात्र अल्झीने काम हाम्रा भएका बजेटहरु धेरै शीर्षकमा धेरै मन्त्रालय अन्तर्गत विनियोजित बजेटमा संवन्धित् तत् मन्त्रालय अन्तर्गत पनि यस्ता शीर्षकमा बजेटहरु राम्रै बजेटहरु छुट्याइएको छ । कहि कतै यी छुट्याइएका बजेट मैले दूरुपयोग त भन्न सक्दिन, तर सदुपयोग हुदैन कि भन्ने म आफुलाई शंका लागेको छ। हामी यसैमा अल्झीएर बस्नी यो तालिम मलाई लाग्छ, प्रदेश भरीको राजश्व परिचालन संवन्धि चेतना र तालिमको लागि ६० लाख रुपया अलि धेरै हो कि भन्ने मलाई लाग्छ। अरु फेरि थप अब यो रकमलाई अन्त कतै विनियोजन गर्ने कुरो हो भने अरु कुनै शीर्षकमा लाने हो भन्ने कुरा पनि बढी हो भन्ने लाग्छ मलाई। त्यस्तै गरी राजश्वका संभावित श्रोत पहिचान तथा क्षेत्र विस्तार संवन्धि अध्ययन भनेर २० लाख रुपया छुट्याइएको छ । अर्थात उस्तै उस्तै शीर्षकमा छुट्याउने काम भाको छ । यसले राजश्व सदुपयोग नहुने अर्थात हामी यसैमा अल्झीने परिस्थिति नहोस् मेरो शुभकामना छ । वास्तवमा बजेट विकासमा मानवको शरिर जस्तै हो। एकजना मेरा आदरणीय माननीयजीले भनेर जानु भाको छ , कसैको भागमा अचार परेन, तरकारी परेन, साग परेन, हामी समग्र विकासका कुरा गरिराखेका छौ । एउटा मानव शरिरलाई समग्र विकास हुनको लागि संतुलित आहारा चाहिन्छ। त्यो अन्तर्गत ती अघि भएका सवै आवश्यक छ भन्ने मलाई लाग्छ । रोटी पनि चाहिन्छ, दाल पनि चाहिन्छ, साग पनि चाहिन्छ, अचार पनि चाहिन्छ, भात पनि चाहिन्छ अर्थात ध्यू पनि चाहिन्छ अर्थात त्यो सवै चिज फलफुल पनि चाहिन्छ, मान्छेलाई संतुलित भोजन के का

लागि भन्दा मानिसको शारिरीक विकासको लागि पूर्ण रुपमा विकासको लागि आवश्यक छ । त्यस्तै हाम्रो शरिर जस्तै यो प्रदेश पनि हो । यसको संतुलन मिलाउन संतुलित विकासको लागि सवै कुरा आवश्यक छ ।  विधुत आवश्यक छ, खानेपानी आवश्यक छ, सिंचाई आवश्यक छ, बाटो आवश्यक छ, तालिम आवश्यक होला त्यसैले एउटा त पर्‍यो त भनेर चित्त बुझाउने भन्दा पनि हामीले सकेसम्म यलाई संतुलन मिलाएर त्यो प्रदेशभित्र सबै ठाउँमा कसरी संतुलन मिलाएर जान सकिन्छ, भन्नेतिर ध्यान दिन पर्छ भन्ने मलाई लाग्छ । खान त पेट भर्ने कुरा हो, भात मात्रै खाएपनि पेट भरिन्छ । रोटी मात्रै खाएपनि पेट भरिन्छ । साग मात्रै खाएपनि पेट भरिन्छ । तर त्यसले शरिरको सम्रग विकास हुदैन भन्ने मलाई लाग्छ । यिनै कुराहरु राख्दै विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुखज्यु,

माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री विन्दु कुमार थापाज्यू,

माननीय सभामुख महोदय, आज हामी माननीय आर्थिक मामिला मन्त्री किरण गुरुङज्यूद्धारा प्रस्तुत आ.व. ०७६।७७ को वार्षिक आय व्यय विवरण अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत यस सम्मानित सभामा छलफलमा जुटेका छौं । वार्षिक कार्यक्रमको ५४ नं. देखि ६५ नं. सम्म यो १२ वटा बुँदामा २ करोड ५० लाख ९० हजार रुपया मात्रै यो मन्त्रालयको शीर्षक अन्तर्गत छुट्‍िएको हामीले पाएका छौं । हुन त यो  आर्थिक मामिला तथा योजना मन्त्रालयमा यो धेरै महत्वपुर्ण मन्त्रालय पनि हो । यहि मन्त्रालय बाट नै गण्डकी प्रदेशका सवै अन्य मन्त्रालयहरुमा पनि बजेट विनियोजन हुने गर्दछ । मैले यो आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेटको यो बुँदाहरु मा भन्दा पनि यो अलिकिति यो मन्त्रालय अलि वृहत र महत्वपूर्ण मन्त्रालय पनि भको हुदाखेरी यो मन्त्रालयबाट विनियोजन भएका अरु विभिन्न मन्त्रालय अन्तर्गत जति बजेटहरु विनियोजन भका छन, म के भन्न चाहान्छु भने अ, , गण्डकी प्रदेशको राजधानी पोखरा हो र यो पोखरा नेपाल कै एउटा पर्यटकिय राजधानीको रुपमा पनि परिचित छ । यो गण्डकी प्रदेशको राजधानीलाई राजधानी जस्तो बनाउनका लागि यहाँको सडकको कुराहरु बसपार्कको कुराहरु भए एउटा हरियाली शहरको रुपमा विकास गर्ने कुराहरु भए, सुरक्षित शहरको रुपमा विकास गर्ने कुराहरु कामहरु गर्न बाँकी छ । मैले यति यसरी

भन्दा भन्दै अरु गण्डकी प्रदेशका धेरै दुर्गम क्षेत्रहरु छन, अविकसित ठाउँहरु पनि धेरै छ । त्यहाँको विकास गर्न हुदैन, बजेट जानु हुदैन भन्न खोज्या होइन कि, तर यसको अलवा यो पोखरामा प्रदेशको राजधानी भैसकेपछि यहा विभिन्न स्वदेशी, विदेशी पाहुनाहरु, डिप्लोम्याटरहरु आउछन विभिन्न राष्ट्र् प्रमुख, राष्ट्र् अध्यक्षहरु आउने हुने हुन्छ र यो राजधानी जस्तो पनि हुन पर्‍यो भन्न मात्र खोजेको हो, त्यसको लागि त्यहि अनुसारको बजेट यो कास्कीमा अथवा यो पोखरामा त्यो अनुसारको बजेट हुनुपर्नेमा यसपालिको बजेट असाध्यै पक्षपातपूर्ण तरीकाले यलाई विशेष गरेर यो क्षेत्रको लागि गण्डकी प्रदेशको राजधानी पोखरालाई अलिकति अन्याय भएको छ कि, प्रदेशको राजधानी जस्तो बनाउन नखोजिएको हो कि भन्ने खालको हामीले महसुस गरेका छौ । यो पोखरमा २०२१ को जुलाई १० मा पोखरा क्षेत्रिय विमानस्थल पनि आउने क्रममा छ । सीएमसी कंपनीले त्यसको छ महिना अगाडि नै हामी नेपाल सरकारलाई यो एयरपोर्ट कम्पीलिट गरेर बुझाइसक्छौ भनेको अवस्था पनि छ । र अहिले त्यो एयरपोर्टको पूर्वपट्टीको भाग त्यो रिठेपानीको डाँडा काट्ने क्रममा पनि शुरु भैसकेको छ । अब त्यो एयरपोर्ट आइसकेपछि यो अन्तर्राष्ट्रिय शहरको रुपमा पोखरा विकास हुदैछ । अब यहाँको बजेटमा बजेट वक्तव्यमा माननीय आर्थिक मामिला मन्त्रीज्यूको बजेट वक्तव्यमा पोखरामा यो सिटी बसपार्कको जुन कुराहरु छ, यो पोखरा मेट्रो बस टर्मिनल भनेर त्यो बजेट वक्तव्यमा आएको छ तर रातो कितावमा त्यसको लागि परेको छैन, प्रदेश बसपार्क भनिएको छ । प्रदेश बसपार्क भनेको लामेआहालमा जुन एउटा लामो दुरीको बसपार्क हो, त्यो बसपार्कको लागि मात्र भनेर १ करोड छुट्याइएको छ । पोखरको मेट्रोबस टर्मिनलको लागि बजेट छुट्टीएको छैन निर्माणको लागि र त्यहाँ सुकुम्वासीहरुको पनि टट्कारो समस्या छ, समस्या समाधान गर्ने तर्फ पनि यो बजेट उन्मुख भएको हामीले पाएका छैनौ र अलिकति आर्थिक मामिला मन्त्रालयको कुरा गरिरहदाखेरी यो क्षेत्रमा एउटा स्वदेशी तथा विदेशी लगानीहरु आकर्षित गर्ने खालको नीतिहरु, योजनाहरु के के आए तनि अहिलेको बजेटबाट लगानीमैत्री वातावरण सिर्जना हुन सकेको छ कि छैन, बन्द, हड्तालको राजनीतिलाई समाप्त पार्नेखालको बजेटमा व्यवस्था भएको छ कि छैन, अब बैकको व्याजदर यति आकाशिदै गएको छ कि, कुनैपनि व्यवसायीले, उधोगीले अब कुनैपनि उधोग र व्यवसाय गर्ने अवस्था छैन । अहिले १६ प्रतिशत सम्म बैकहरुले व्याज लिने गरेका छन । लगानीमैत्री वातावरण त यले सिर्जना भएन । १०, ११ प्रतिशत घरमै बसी बसी व्याज आउने भएसी जनताहरु त अल्छी हुने भए । बैकमा व्याज लगाएर बसी बसी विना रिक्स आर्थिक आर्जन हुने भएपछि त मानिसहरु व्यवसायीहरुले रिक्स पनि मोल्न

नचाहाने हुन्छ । त्यसकारण यो बैक व्याजदरको चर्को व्याजदर, आकाशिदो व्याजदरका कुराहरु र विभिन्न ऐन कानुनहरु पनि छन, जो लगानीमैत्री छैनन । व्यवसायीमैत्री ऐन कानुनहरु छैनन । तिनलाई सुधार गर्नुपर्ने, संशोधन गर्नुपर्ने भन्ने कुराहरु छ । यो कंपनी रजिष्टारको कार्यालय अहिलेसम्म पनि हामी कि काठमाडौ जानुपर्छ कि भैरहवा जानुपर्छ, ५ नं. प्रदेश, ३ नं. प्रदेशमा जानुपर्छ एउटा उधोग दर्ता गर्नु पर्‍यो या दर्ता खारेज गर्नुपर्‍यो भने पनि ती कुराहरु लाई अलिकति संवोधन गरेर आर्थिक मामिला मन्त्रालयबाट त्यो खालको कुराहरु आइदिएको भए, धेरै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ र यो विशेष गरेर यो करप्सन सहश्राव्दी विकास लक्षको एकदमै प्रमुख बाधकको रुपमा रहेको छ । अहिले भ्रस्टाचार अत्यन्तै संस्थागत रुपमा मौलाइराखेको अवस्था पनि छ । यो भ्रस्टाचारलाई न्युनिकरण गर्दै लैजानका लागि गण्डकी प्रदेश सरकारले कस्तो किसिमको आर्थिक नीतिहरु अवलम्वन गर्‍यो त नि भन्दाखेरी त्यतातिर एड्रेस भको हामीले पाएका छैनौ । अहिले यो संघकै बजेटकै कुरा गर्नु पर्दाखेरी पनि असारे विकासको क्रम यस पालि पनि रोकिएको छैन । प्रदेशको पनि त्यहि हालत छ । र अहिले पनि दैनिक साडे चार अर्वको दरले पूजीगत खर्च भैराखेको छ । यो हिसावले खर्च गरेको पैसा सष्पै वालुवामा पानी राखे जस्तो हो । विकास को एउटा क्वालिटिको काम पनि हुदैन । यलाई हामीले यो असारे विकासलाई कसरी निरुत्साहित पार्न सकिन्छ, भन्ने खालको योजनाहरु यसमा आएको देखिदैन र विशेष गरेर आर्थिक मामिला तथा योजना मन्त्रालयद्धारा यसमा उहाँहरुको त आफ्नै शीर्षकमा त खासै धेरै बजेटहरु देखिएको छैन । यद्दपी, आर्थिक मामिला मन्त्रालयबाट यसको महत्व, यसको गरिमाको हिसावले यो प्रदेशको आगामी नीतिहरु

प्रदेशमा यसले विकासमा लिने गतिका कुराहरु यसमा ठुलो असर गर्छ जस्तो मलाई लाग्छ । र त्यस्तै गरेर यो यसपालिको यो विनियोजन विधयक आइराखेको छ, यो सत्तापक्षको सभासद् र प्रतिपक्षको सभासद् लाई एकदमै ठुलो विभेद गरिएको हामीले पाएका छौ । हुनत सत्तापक्षको माननीयज्युहरुलाई उहाँलाई वाध्यात्मक पनि होला । उहाँहरुले वोल्दाखेरी एकदमै राम्रो बजेट भनिराख्नु भाको छ, प्रतिपक्षका सभासद्हरु बोल्दाखेरी त्यसको ठ्याक्कै विपरित बोलिराख्दाखेरी जनताहरुलाई एउटा भ्रम पर्ने स्थिति हामीले पाएका छौ । तर वास्तविकता के हो भन्ने कुरा त्यो त स्टडी गर्‍यो भने त्यहाँ थाहा भैहाल्छ नि रातो कितावमा हेर्दाखेरी प्रत्यक्ष निर्वाचित अथवा समानुपातिक मा कत्तिको भिन्नता गरिएको छ, छैन अथवा प्रदेशको सत्तापक्षको सभासद् र प्रतिपक्षको सभासद् मा कस्तो कति ठुलो अन्तर छ, यो भन्दा अगाडिको सरकारको पनि

कुरा गर्नुपर्दा खेरी अगाडिको सरकारले पनि कस्तो गरेको थियो त नि हुनत यो प्रदेश हाम्रो एउटा नयाँ प्राक्टीस् पनि हो । नौलो एउटा प्राक्टीसमा पनि हामी आइराखेका छौ । पहिलाका कमिकमजोरीहरुलाई त सुधार गरेर एउटा सभ्य समाजको सिर्जना गर्ने एउटा असल यो एउटा प्रदेश यो सात वटै प्रदेश मध्येमा एउटा अव्वल प्रदेशको रुपमा विकास गर्ने रुपबाट हामी जानु पर्छ । पहिलाका कमिकमजोरीहरुलाई तिमीहरुको सरकार हुदा पनि यस्तै थियो, हाम्ले पनि त्यो भ र यस्तै गर्नुपर्छ भन्ने खालको त त्यो त समन्यायको हिसावले त त्यो त राम्रो हुदैन होला पक्का पनि । त्यसकारण अलि विभेदपूर्ण खालको यो बजेट छ, यलाई अलिकति करेक्सन गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । आर्थिक मामिला मन्त्रालयबाटै यो विनियोजन भएको विधयकहरुमा असाध्यै धेरै विभेद गरेको हाम्ले पाएका छौ । त्यसकारण यस्तो हुनुहुदैन । र यलाई अलिकति सच्चाएर करेक्सन गरेर आउनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ । र यिनै कुराहरु राखेर आगामी दिनहरुमा एउटा सत्तापक्ष र प्रतिपक्षका सभासद्हरु सँगसगै हिड्न सक्ने, विकासनिर्माणका कुराहरुमा, समृद्धिका कुराहरु भए त्यस्तै गरेर सुशासन कायम गर्ने कुरा, भ्रष्टाचार न्युनिकरण गर्ने कुराहरु र यो विकास र समृद्धि लाई यो सात वटै प्रदेशमा गण्डकी प्रदेशलाई अब्वल प्रदेशको रुपमा स्थापित गर्ने कुराहरुमा भए अब हामी  अझै पनि कति धेरै प्रदेशहरु नामाकरण हुन सकेको छैन, थाइ राजधानीमा उहाँहरुको विवाद छ, धेरै झगडाहरु छ । त्यो बाट त हामी पार लागिसकेका छौ नि । अब त विकास र समृद्धिमा स्मुथली अगाडि बढ्नुपर्छ । र प्रतिपक्ष र सत्तापक्षको भनेको त एउटै रथको दुई पांग्रा हो नि सँगसगै हामी हिड्ने प्रयास गरेकी गरेनौ त अहिलेको यो बजेटले त्यो कुराहरुलाई एड्स् कमिकमजोरीहरु हुन सक्छ तर सुधार गरेर हामी जानुपर्छ भन्ने मलाई लाग्छ । र यिनै कुराहरु राखेर आउदा दिनहरुमा एउटा सरकार पक्ष र प्रतिपक्षका जति पनि सभासद्ज्यूहरु हुनुहुन्छ, सँगसगै हिड्ने खालको विकास निर्माण र समृद्धि को लागि त्यो खालको वातावरण सिर्जना होस्, भन्ने कुराहरु राख्दै सुझावहरु राख्दै म आफ्नो भनाई यहि टुग्याउछु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुखज्यु,

माननीय सदस्य श्री दिलमाया रोका मगर गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सदस्य श्री दिलमाया रोका मगर गौतमज्यु,

माननीय सभामुख महोदय, आज हामी विनियोजन विधयक २०७६।७७ अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग संवन्धित विभिन्न विषयहरुमा छलफल गर्दैछौ । यस मन्त्रालयसँग संवन्धित १२ वटा शीर्षकहरुमा बजेटको विन्यास र योजनाको छनौट

गरिएको छ । जस्मा राजश्वको संभावित श्रोतको पहिचान, अध्ययन, परिचालन तथा व्यवस्थापन र कार्यान्वयनका लागि जनचेतना अभिमुखीकरण तालिम, गोष्टी त्यसैगरी बजेट तर्जुमा संवन्धि गोष्ठी, बजेट र राजश्व संवन्धि प्रकाशन र स्थानिय निकाय र सरकारी निकायमा वितरण प्रदेश सरकारको मन्त्रालयगत बजेट सुचना प्रणाली संवन्धि तालिम र प्रदेश सरकारको लेखा संवन्धि आवश्यक सष्टवर्यर खरिद, उधमी व्यवसायी पेशाविद्, बैक, पूजीबजार, वित्तीय क्षेत्र र सार्वजनिक वित्त संवन्धि आधारभूत एंव विशिष्ट प्रकारका तालिम लगाएतका महत्वपूर्ण सैद्धान्तिक एंव व्यवहारिक आवश्यकताको विषयमा बजेटको विनियोजन र योजनाको छनौट गरिएको छ । यसमा माननीय मन्त्री र मन्त्रालय, माननीय मन्त्रीज्यु र मन्त्रालयले जुन ध्ययका साथ यो योजनाहरु अगाडि सारेको छ, यसको कार्यान्वयनका लागि पूर्ण समर्थन गर्दे माननीय मन्त्रीज्यू र मन्त्रालयप्रति हार्दिक आभार प्रकट गर्दे सफलताको कामना व्यक्त गर्दछु । सभामुख महोदय, अर्थमन्त्रालय आफैमा महत्वपूर्ण मन्त्रालय हो, यसले सरकारले गरेको नीतिगत प्रतिवद्धता भ्रष्टाचारमुक्त सुशासन स्थापित गर्न अनुगमनलाई प्रभावकारी बनाउदै सरकारको लक्ष पुरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । र आगामी दिनमा हाम्रो प्रभावकारी कार्यान्वयनबाट गण्डकी ले समृद्ध र सुखी प्रदेश सहित सुखी नागरिक सहितको समुन्नत प्रदेश निर्माण गर्नमा महत्वपूर्ण भुमिका रहनेछ भन्ने विश्वास व्यक्त गर्दे अन्तमा, सभामुख महोदय, सरकारको जन्मउत्सव र उमेरको कुरा पनि बेला बेलामा यस गरिमामय सदनमा उठ्ने गर्छ । मलाई के लाग्छ भने मन पनि विना घर चम्किदैन र मानिस पनि विना प्रयत्न पूर्ण हुदैन, यसअर्थ यो प्रदेशलाई समृद्ध गर्न प्रदेश सरकार प्रयत्नशील छ । प्रदेशको समृद्धीको लागि संतुलित विकास अहिलेको आवश्यकता हो । र यसैको आधारमा वार्षिक विकासका कार्यक्रमहरु आएको छ । यसको कार्यान्वयन र अनुगमनलाई प्रभावकारी बनाउनु र परिणाममुखी बनाउनु प्रदेश सरकार र हामी जनप्रतिनिधिहरु को पनि दायित्वको विषय पनि हो । हामीसँग जेछ त्यसकै आधारमा अहिले आवश्यकता र बढ्दो जनआकांक्षा पुरा गर्न सक्छौ । यसबाट गण्डकी प्रदेश र हामी सबैको समृद्धि हुने छ भन्ने भनाइ सहित यस मन्त्रालयसँग संवन्धित विभिन्न शीर्षकहरुमा आएको योजनाहरुको पूर्ण समर्थन गर्दे विदा हुन चाहान्छु । धन्यवाद ।

**माननीय सभामुखज्यु,**

माननीय सदस्यहरु, आजको लागि यो छलफल यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार १९ गते विहान १२:०० बजे सम्मको लागि स्थगित हुन्छ ।